**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 12.11.2025

## सिक्किमले 13 देखि 16 नोभेम्बरसम्म 13 औं अन्तर्राष्ट्रिय पर्यटन मार्ट आयोजना गर्दै

भारत सरकारको पर्यटन मन्त्रालयले पूर्वोत्तर क्षेत्रका लागि 13 औं संस्करणको अन्तर्राष्ट्रिय पर्यटन मार्ट (आईटीएम) 13 देखि 16 नोभेम्बर 2025 सम्म सिक्किमको गान्तोकमा आयोजना गर्दै छ। यस मार्टको उद्घाटन केन्द्रीय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ र अरूणाचल प्रदेशका मुख्यमन्त्री पेमा खान्डु, पूर्वोत्तर राज्यका पर्यटन मन्त्रीहरू र पर्यटन मन्त्रालय तथा राज्य सरकारका वरिष्ठ अधिकारीहरूको उपस्थितिमा गर्नुहुनेछ।

अन्तर्राष्ट्रिय पर्यटन मार्ट, पर्यटन मन्त्रालयको वार्षिक प्रमुख कार्यक्रम हो, जुन पूर्वोत्तर क्षेत्रको पर्यटन सम्भावना भारतको 'अष्ट लक्ष्मी' लाई घरेलु र अन्तर्राष्ट्रिय दुवै दर्शकहरूलाई देखाउन तयार पारिएको हो। मार्टले दिगो र समावेशी पर्यटन विकासलाई प्रवर्धन गर्दै यस क्षेत्रको समृद्ध प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र साहसिक पर्यटन अवसरहरूलाई उजागर गर्ने प्रयास गर्दछ। गान्तोकमा आयोजना भइरहेको 13 औं संस्करणले पूर्वोत्तरलाई इको – पर्यटन, स्वास्थ्य, संस्कृति र साहसिक कार्यप्रति रूचिकर गन्तव्यका रूपमा स्थापित गर्ने मन्त्रालयको प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछ।

13 औं अन्तर्राष्ट्रिय पर्यटन मार्टमा स्पेन, थाइल्याण्ड, फ्रान्स, रुस, जर्मनी, भियतनाम र अन्य देशलगायत लगभग 19 देशका प्रतिनिधिहरूको सहभागिता रहनेछ।

## मुख्यमन्त्रीले राज्यपाल माथुरलाई भेटे

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज राज्यपाल ओमप्रकाश माथुरलाई भेटनुभयो। उनीहरूको छलफलमा राज्यको विकास र कल्याणका विभिन्न पक्षहरू समेटिएका थियो।

## लोङ्की फाङ्चोको सिक्किमको चार दिने भ्रमण

भारत सरकारको पूर्वोत्तर क्षेत्र विकास मंत्रालय (डोनर) को पूर्वोत्तर परिषद (एनईसी) का सदस्य लोङकी फाङचो आजदेखि 16 नोभेम्बर 2025 सम्म सिक्किमको आदिकारिक भ्रमणका लागि गान्तोक आइपुगेका छन्। उनले एनईसी परियोजनाहरूको समीक्षा गर्न साथै सिक्किम सरकारसँग बैठकहरू गर्नेछन्।

सिक्किम सरकारका पशुपालन तथा पशु चिकित्सा सेवा मन्त्री पुरण कुमार गुरूङले विमानस्थलमा भ्रमणमा रहेका श्री फाङचोलाई भेटनुभयो।

**श्रम सचिव भीम ठटाल नयाँ दिल्लीमा राष्ट्रिय श्रम सम्मेलनमा सहभागी**

सिक्किम सरकारको श्रम विभागका सचिव भीम ठटाल हिजो र आज नयाँ दिल्लीको भारत मण्डपममा श्रम तथा रोजगार तथा उद्योग मन्त्रीहरू र राज्य अनि केन्द्र शासित प्रदेशका सचिवहरूको राष्ट्रिय सम्मेलनमा सहभागी भए। सम्मेलनको अध्यक्षता केन्द्रीय श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावियाले गर्नुभएको थियो।

सम्मेलनमा प्रधानमन्त्री विकसित भारत रोजगार योजना, राष्ट्रिय श्रम तथा रोजगार नीति, निजी प्लेसमेन्ट एजेन्सी विधेयक जस्ता विभिन्न विषयहरूमा विस्तृत रूपमा छलफल गरिएको छ।

**एक भारत श्रेष्ठ भारत प्रमुख कार्यक्रम अन्तर्गत राज्यस्तरीय प्रतियोगिताको गान्तोकमा आयोजना**

भारत सरकारको शिक्षा मन्त्रालयको एक भारत श्रेष्ठ भारत प्रमुख कार्यक्रम अन्तर्गत राज्यस्तरीय प्रतियोगिता आज राज्य परियोजना कार्यालय, समग्र शिक्षा, शिक्षा विभागले गान्तोकस्थित पीएस श्री सर टाशी नामग्याल विरिष्ठ माध्यमिक विद्यालयमा आयोजना गर्‍यो।

यस अवसरमा प्रमुख अतिथि सिक्किम सरकारको शिक्षा विभागको विद्यार्थी कल्याण बोर्डका अध्यक्ष सोनम छोपेल शेर्पा हुनुहुन्थ्यो।

**सिक्किमकी डा. याशना छेत्रीलाई भारतीय विरष्ठ महिला फुटबल टोलीको लागि फिजियोथेरापिस्ट नियुक्त गरिएको छ।**

सिक्किमकी डा. याशना छेत्रीलाई भारतीय वरिष्ठ महिला फुटबल टोलीको लागि फिलियोथेरापिस्ट नियुक्त गरिएको छ, जसले उत्तरी म्यासेडोनियाको स्कोपियेहमा हालको प्रशिक्षण शिविर र अन्तर्राष्ट्रिय प्रदर्शन भ्रमणको क्रममा सहयोग गर्नेछिन्।

**मन्त्री सोनाम लामा, तेस्रो देचेनझिंगड्रब आध्यात्मिक मण्डलीमा उपस्थित भए।**

धार्मिक मामिला मन्त्री सोनाम लामाले आज योक्सामको थाङ्ग्याल लाखाङमा आयोजित तेस्रो देचेन सिङड्रुप आध्यात्मिक धर्मसभामा भाग लिनु भयो। यो कार्यक्रम नोभेम्बर 11 देखि 20, 2025 सम्म ठूलो आध्यात्मिक महत्वमा साथ मनाइँदैछ।

यस कार्यक्रममा राज्यका विभिन्न भागबाट भिक्षुहरू, भक्तहरू र शुभचिन्तकहरूको उपस्थिति थियो, यो आशीर्वाद लिन र आध्यात्मिक सत्रहरूमा भाग लिन भेला भएका थिए।